# एनआरएन अभियानको १३ वर्षे यात्रा



डा हेम राज शर्मा
पूर्व प्रवक्ता, एनआरएनए

विश्वभर छरिएर रहेका नेपालीहरुलाई ऐक्यवद्ध गर्दै मातृभूमि नेपालको आर्थिक र सामाजिक विकासमा सहभागी गराउने उद्देश्यका साथ शुरु भएको गैरआवासीय नेपाली (एनआरएन) अभियानले १३ वर्ष पुरा गरेको छ। सन २००३ तिर रसियामा बसोबास गर्ने नेपालीहरुको यो सोचलाई मूर्तरुप दिन २००३ अगष्ट ३१ तारीख लण्डनमा एक भेलाले अभियानको खाका तयार पारेको थियो। त्यसै साल अक्टोवर ११ मा काठमाडौमा प्रथम पटक गैरआवासीय नेपाली विश्व सम्मेलन आयो जना गरेर अभियानको विधिवत शुरुआत गरिएको थियो। त्यसैले भनिन्छ यस अभियानको गर्वाधारण रसियामा भयो, जन्म लण्डनमा र न्वारान काठमाडौमा। १३ वर्षमा यस अभियानको हाँगा ६ महादेशका ७४ देशमा फैलिएको छ। ११० भन्दा बढी देशमा ४०-५० लाख गैरआवासीय नेपालीहरु (दक्षिण एसियाली देशहरु बाहेक) बसोबास गर्ने अनुमान भएकाले आउँदो दिनमा अभियानको सञ्जाल अझै विस्तार हुने देखिन्छ।

१२ वर्षमा गैरआवासीय नेपाली अभियानले निकै उपलब्धि हासिल गरेको छ। खास गरी बाहिर बस्ने नेपालीहरुलाई गैरआवासीय नेपाली संघ (एनआरएनए) मा आवद्ध गर्दै मातृभूमि प्रति केही गर्नु पर्छ भन्ने भावनाको विकास गरेको छ। नेपाल सरकार र आम नेपाली जनताले एनआरएन पनि देश विकासको एक हिस्सा बन्न सक्छन् भन्ने महसुस गरेका छन्। सन २००७ सालमा व्यवस्थापिका संसदले जारी गरेको गैरआवासीय नेपाली सम्वन्धी ऐनले पहिलो पटक बाहिर बस्ने नेपालीलाई कानूनी मान्यता दिएको थियो भने २००९ मा यसै ऐन अन्तर्गत बनेको गैरआवासीय नेपाली सम्वन्धी नियमावलीले लगानीको वातावरणलाई सहज बनाउनुका साथै गैरआवासीय नेपाली परिचयपत्रको व्यवस्थाबाट भिसा, सम्पत्ती राख्न पाउने सुविधा प्रदान गरेको थियो। २०१५ सेप्टेम्वरमा संविधानसभाबाट जारी गरिएको नेपालको संविधानले सिमित अधिकार सहितको गैरआवासीय नेपाली नागरिकताको व्यवस्था गरेको छ। अहिले नागरिकता संवन्धी ऐन व्यवस्थापिका संसदमा पेश गर्नका लागि तयार हुँदैछ। नेपालमा हुने निर्वाचनमा विदेशबाट पनि मतदानको व्यवस्था गर्ने कुरा पनि सकारात्मक रुपमा अघि बढेको छ। यसरी एनआरएनका प्रायः जसो अनुरोधलाई नेपाल सरकारले संबोधन गरे पछि उनीहरुमाथि राष्ट्रलाई योगदान गर्नु पर्ने जिम्मेवारी थपिएको छ।

गैरआवासीय नेपाली को हुन् भन्ने विषयमा नेपाल सरकार (खास गरी प्रशासकहरु) र संघमा मत भिन्नता छ। संघले विश्वव्यापी परिभाषा अनुसार ६ महिना भन्दा बढी बाहिर बस्ने सबै नेपालीहरुलाई गैरआवासीय नेपाली मान्नु पर्छ भन्ने मान्यता राख्दै आए पनि गैरआवासीय नेपाली सम्वन्धी ऐनमा २ वर्ष भन्दा बढी दक्षिण एसिया बाहेकका मुलुकमा बसोबास गरेका नेपालीहरु (जसमा विधार्थी समावेश छैनन) लाई मात्र गैरआवासीय नेपालीको रुपमा परिभाषित गरेको छ। यही परिभाषाको खिचातानीले सन् २०१३ मा मात्र संघ नेपालमा कानूनी रुमपा दर्ता भयो। अझै पनि केही वृत्तमा विदेशी नागरिकता लिएका नेपाली मूलका विदेशी नागरिकहरुलाई मात्र एनआरएन मानिनु पर्छ भन्ने सोच रहेको छ, जुन कुरा संघले अस्वीकार गर्दै आएको छ।

एनआरएनले राष्ट्रले अपेक्षा गरे अनुसारको योगदान गर्न नसकेको भनी आलोचना हुने गरेको छ। अक्सर गरेर उनीहरुको योगदानलाई पूँजीसँग नाप गरिन्छ। गैरआवासीय नेपालीहरुबाट राता रात ठूलो स्तरको पुँजी भित्रिने अपेक्षा गरिएको हो भने त्यो उपयुक्त छैन किनभने नेपाली डायस्पोराको इतिहास लामो

छैन। दक्षिण एसियाका अन्य मुलुकका डायस्पोरा दोश्रो वा तेश्रो पुस्तामा छन् भने हाम्रो डायस्पोरा सन १९९० मा प्रजातन्त्र आए पछि विस्तारित भएको हो। यो छोटो अवधिमा डायस्पोराले गरेको प्रगति बडो उत्साहप्रद छ। यो पुस्ता ठूलो महत्वाकांक्षा र सीपका साथ विदेशिएको पुस्ता पनि होइन। लमजुङमा खाली खुट्टा र जाग्गेमा स्कुल पढ्दा शेष घलेले अष्ट्रेलियाको १०० औं धनी व्यक्ति हुने महत्वकांक्षाका त कुरै छाडौं, संसारमा यस्ता खालका संभावना छन् भन्ने कल्पना पनि गरेका थिएनन् होला। अमेरिकी फष्टलेडीको फेयासन डिजाइनर प्रबल गुरुङले पनि त्यो सपना देखेका थिएनन् होला। यस्ता सयौं उदाहरण हाम्रा सामु छन्। अझ विदेशमा जन्मिएर विदेशको उत्कृष्ट वातावरणमा अन्तराष्ट्रिय स्तर को शिक्षा हासिल गरेको दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुको संभावना त अझै कल्पना गर्न नसक्ने खालको छ। अफ्रिकी मुलुकका केन्याली बाबुका छोरा ओबामा अमेरिकाको राष्ट्रपति हुन सक्छन् भने लगनशील र मेहनती हाम्रा डायस्पोराबाट हामीले त्यस्तो अपेक्षा किन नगर्ने? हामीले ब्रेन ड्रेनको चिन्ता गरेर बस्ने मात्र होइन ब्रेन गेनको वातावरण बनाउनु पर्छ। विश्वव्यापीकरणको युगमा ब्रेन ड्रेन रोक्न सकिने विषय होइन। यसको चपेटामा नेपाल जस्ता कम विकसित देशहरु मात्र परेका छैनन् । विकासोन्मुख देशबाट पश्चिमा मुलुकु, पूर्वी यूरोपबाट पश्चिम यूरोप, पश्चिम यूरोपबाट अमेरिका ब्रेन ड्रेन हुने गरेको छ। हामीले सविधान मार्फत विश्वको उत्कृष्ट राजनैतिक, मानवअधिकार भएको देशको कल्पना गर्ने, खुला अर्थतन्त्र अँगाल्ने, विश्व व्यापार संगठनको सदस्य बन्ने अनि देशको आर्थिक विकास चाहिं भूगोल भित्र जकडिएको राष्ट्रवादले गर्न खोज्ने? सस्तो लोकपृयताका लागि यस्तो विरोधाभासपूर्ण नीति लिन खोज्नेले सोच्नु पर्छ।

## योगदान

राष्ट्रले अपेक्षा गरे अनुसारको नभए पनि आफ्नो हैसियत अनुसारको योगदान एनआरएनले गरेको छ भन्दा अनपयुक्त नहोला। राष्ट्र द्वन्द्वमा फसेको बेलामा पनि लगानी डुब्ने कुनै प्रवाह नगरी लगानी भित्राएका थुप्रै उदाहरण छन। देशलाई सजिलो परेको बेला विदेशीहरुले पनि लगानी गर्न सक्छन, तर अप्ठेरो परेको बेला हामीले नै गर्नु पर्छ भन्ने भावनाले धेरैले हात बढाएका थिए। अहिले सम्म जलविद्युत, वित्तीय क्षेत्र, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा अनुमानित लगानी ५० अर्ब भन्दा बढी पुगेको छ। एनआरएनहरुको संयुक्त लगानीमा लमजुङको दोर्दी खोलामा १ अर्बको लगानीमा जलविद्युत (३५ मुलुकका झण्डै ८०० लगानीकर्ताबाट) परियोजना होस् वा एनआरन अध्यक्ष शेष घलेको व्यक्तिगत लगानीमा काठमाडौमा ७ अर्व रुपैंयामा ५ तारे सेराटन होटल वा डा. उपेन्द्र महतोको व्यक्तिगत लगानीमा बन्न लागेको सुविधा सम्पन्न अस्पताल यी सबै एनआरएन अभियानका शुरुवाती प्रतिफल हुन्। सरकारले कम चासो राखेको तर एनआरएनहरुले चाहना गरेको परोपकारी क्षेत्रमा पनि १ अर्व ५० करोड बराबरको योगदान भएको अनुमान छ भने एमआईटी फाउण्डेसनले स्वास्थ्य र शिक्षाको क्षेत्रमा १ अर्व लगानी गर्ने घोषणा गरेको छ। नेपालीको पिडामा एनआरएनलाई कति दुख्छ भन्ने भन्ने पछिल्लो उदाहरण भूकम्पको बेलामा एनआरएनहरुले देखाएको सदासयता हो। भूकम्प, बाढी, आगलागी जस्ता दैवीप्रकोपमा एनआरएनले गर्ने सहयोगको परिमाण नगन्य होला। लाखौं घर निर्माण गर्नुपर्ने स्थितिमा एनआरएनले गोर्खाको लाप्राकमा निर्माण गर्न लागेको ६०० घरको नमूना वस्ती सँख्याको हिसाबले धेरै नहोला, तर देशसँग भावनात्मक संवन्ध जोड्न यसले निकै महत्व राख्छ।

एनआरएनहरुले आफ्नो पकेटबाट मात्र आर्थिक सहयोग गर्न सक्नु पर्छ भन्ने पनि छैन र सँधै त्यो संभव पनि छैन। भनिन्छ संसारमा आर्थिक सहयोग यत्रतत्र छरिएको छ। ज्ञान, सञ्जाल र संवाद (knowledge, Network र Communication) ले त्यसलाई जुटाउन मात्र पर्छ। यो कार्य हाम्रो जस्तो अल्पविकसित देशका लागि झन सजिलो हुन्छ। यसमा एनआरएनहरुले खेल्लसक्ने भूमिका प्रचुर छ। खुला विश्व विद्यालय स्थापनाका क्रममा होस् वा भरखर आईएलओसँग गरिएको संझौताबाट यो क्षेत्रतिर एनआरएन्को ध्यान तानिएको छ। नेपाली कला संस्कृति संसारमा चिनाउन हरेक नेपालीले दूतकोरुपमा काम गरेका छन्। विश्वका ठूला देशमा हरेक वर्ष नेपाल डे र नेपाल झल्काउने नेपाली घरको स्थापना गरेका छन्। भूकम्प पछि पर्यटन व्यवसायलाई पुन सुचारु गराउन जनचेतना फैल्याउन एनआरएनहरुको ठूलो भूमिका छ। पछिल्ला दिनमा वैदेशिक लगानी भित्राउन एनआरएनले उत्प्रेरकको काम गर्न थालेका छन्। त्यसैले एनआरएनले देशलाई गर्ने योगदान पैसामा मात्र मापन नगरी बहुआयामबाट हेरिनु पर्छ।

## चुनौती

एनआरएनको अभियानका उपलब्धि र संभावनाका साथमा चुनौती पनि त्यति नै छन्। मध्यपूर्व लगायतका देशमा वैदेशिक रोजगारमा गएका ७०५ (३६ लाख ४० हजार श्रम स्विकृत लिएका मात्र) भन्दा बढी गैरआवासीय नेपालीहरुको एनआरएनबाट ठूलो अपेक्षा छ। तर अपेक्षा अनुसार सहयोग गर्ने औकात एनआरएनको छैन। उपेन्द्र महतो र शेष घलेले स्थापना गरेको १-१ करोडको वैदेशिक रोजगार सहयोग कोष होस वा एनआरएन र नेपाल सरकारले संयुक्त रुपमा स्थापना गर्न लागेको १०

करोडको कोष होस्, यीनले भावनाको मात्र प्रतिनिधित्व गर्छन्। वास्तविकतामा त्यो हात्तीको मुखमा जिरा हो। वास्तवमा एनआरएनले पहिले देखि गर्दै आएका नीति निर्माण, वैदेशिक रोजगारमा आई पुग्ने समस्या बारे सचेतना, दक्ष कामदार उत्पादन, सुरक्षित आप्रवसनमा काम गर्ने संघसंस्थाहरुसंग सहकार्यमा नै बढी जोड दिनु पर्छ। संघले मध्यपूर्वलाई उपेक्षा गरेको भन्ने आरोप लाग्ने गरेको छ। लगानीमा जस्तै मध्यपूर्वको समस्यामा पनि संघले आफू सक्दो सहयोग गरेको छ। दोहामा सम्पन्न पहिलो गैरआवासीय क्षेत्रीय सम्मेन पश्चात् विभिन्न देशहरुसँग गरिने श्रमसंम्फौता, बीमा लगायतका नतिगतय कुरामा धेरै सुधार भएका छन्। पछिल्लो समयमा शुरु गरिएको वैदेशिक रोजगारबारे जानकारीमूलक पुस्तकलाई निशुल्क गाउँ गाउँमा पुराउने, आईएलओको सहकार्यमा मोबाइल आप्स बनाउने जस्ता सचेतनामूलक कार्यक्रम अगाडि बढाउनु पर्छ। वैदेशिक रोजगारका समस्याको बारेमा एक स्वेतपत्र तयार गर्न जरुरी छ।

देश सधै वैदेशिक रोजगारमा मात्र निर्भर रहन सक्दैन। तर अहिले युवाहरुको अर्को विकल्प नभएकोलाई वैदेशिक रोजगारलाई हिनता वोधको रुपमा लिनु भन्दा यसलाई अवसरको रुपमा हेरिनु पर्छ। पछिल्लो समयमा आएर वैदेशिक रोगजारबाट गएकाहरुको विमानस्थलमा आएको मृतशरीरलाई सन्दर्भ बनाएर राजनैतिक मुद्दा बनाउन खोजेको देखिन्छ। मुद्दा र नारामा मात्र सिमित नभएर युवाहरुलाई देश फर्काउने दीर्घकालिन योजना अघि सार्नु पर्छ। भूकम्प पछि देशको पुनर्निमाणमा युवाहरुलाई फर्काउने प्रचुर संभावना छन्। निर्माण क्षेत्रमा दक्षता प्राप्त गरेका थुप्रै नेपालीहरु छन, उनीहरुले उल्लेखनीय योगदान गर्न सक्छन्। केही युवाहरुले विदेशमा कृषि क्षेत्रमा सिकेको सीप र श्रोत स्वदेशमा लगानी गर्न थाले का छन्। यस्ता सीपमूलक व्यवसाय सञ्चालन गर्न सरकारी स्तरबाटै योजना आउनु पर्छ। नयाँ संविधानले राजनैतिक स्थिरता कायम गरी देश आर्थिक विकासमा केन्द्रित हुने अपेक्षा गरिएकोले वैदेशिक रोजगारका समस्या दीर्घकालसम्म नरहने कामना गरौं।

## विश्व तथा क्षेत्रीय सम्मेलन

१३ वर्षमा संघको सहभागिता र आयोजनामा ७ वटा गैरआवासीय नेपाली विश्व सम्मेलन (प्रत्येक दुई वर्षमा संघ, नेपाल उद्योग वाणिज्य महासंघ र सरकारको संयुक्त आयोजनामा काठमाडौंमा हुने) र ९ वटा क्षेत्रीय सम्मेलन (संघको आयोजनामा नेपाल बाहिर हुने) सम्पन्न भएका छन्। सर्सर्ती हेर्दा यस्ता सम्मेलन भडकिला देखिए पनि अप्रत्यक्ष उपलब्धिहरु धेरै छन्। विश्व सम्मेलनका दुईवटा पाटा हुन्छन्। पहिलो नेपालमा लगानी गर्न चाहने, नेपालको आर्थिक(सामाजिक विकास देखि नेपाली भाषा, साहित्य, संस्कृतिको जगेर्ना गर्न सहयोग गर्ने, ज्ञान, सीप र प्रविधिको साटासाट गर्न चाहने देश विदेशमा रहेका नेपालीहरु वा संस्थाहरुलाई विचारको मन्थन गर्ने साझा थलो प्रदान गर्ने र आपसी सहकार्यको वातावरण तयार गर्ने। यसका साथै गैरआवासीय नेपालीहरुका समस्या र संभावनाबारे सम्बन्धित निकायको प्रत्यक्ष ध्यानाकर्षण गराईन्छ। विभिन्न विषयगत सत्रहरुमा नेपाल सरकारका उच्चपदस्ग अधिकारी तथा सरोकारवाला मन्त्रीहरुलाई आमन्त्रण गरेर गैरआवासीय नेपालीसँग प्रत्यक्ष अन्तर्कृया गरिन्छ। माथि उल्लेखित सरकारी नीतिमा भएका उपलब्धि यीनै सम्मेलनका प्रतिफल हुन्। संघको अन्तर्राष्ट्रिय महाधिवेशन र नयाँ नेतृत्व चयन विश्व सम्मेलनको समय पारेर गरिन्छ। तर महाधिवेशन र विश्व सम्मेलनको फरक मिडिया र प्रायः एनआरएनहरुले बुझ्न नसक्दा सरकारी आतिथ्यमा मस्ती गरेको आरोप खेप्नु परेको छ।

क्षेत्रीय सम्मेलनहरु पनि जमघट र खानापिनाको लागि मात्रै गरिदैन। सम्बन्धित क्षेत्रमा बसोबास गर्ने गैरआवासीय नेपालीहरुको समस्या र संभावनामा केन्ति हुने उद्देश्यका साथ आयोजना गरिन्छ। जस्तै, २००५ सालमा कतारको दोहामा सम्पन्न पहिलो र २०११ मा दुबईमा पाचौं क्षेत्रीय सम्मेलन मार्फत मध्यपूर्वमा भएका नेपाली कामदारहरुको समस्याबारे पहिचान र समाधानका सुझावहरु, २००६ मा जर्मनीको बोनमा सम्पन्न दोश्रो क्षेत्रीय सम्मेलनले नागरिकता निरन्तरता र २०१० मा अमेरिकामा सम्पन्न चौथो सम्मेलन र २०१२ मा अष्ट्रेलियामा भएको सातौं क्षेत्रीय सम्मेलनबाट नेपालमा खुला विश्वविद्यालयमा स्थापना गर्ने कुराले मूर्त रुप लियो।

यत्रो ठूलो संभावना बोकेको संघले आन्तरिक व्यवस्थापनमा आवश्यक भन्दा बढी समय खर्च गर्नु परेको छ। खास गरी राष्ट्रिय समन्वय परिषदहरु एनआरएनको मुख्य उद्देश्य र नीति अनुरुप नचली आफ्नै किसिमले अगाडी बढ्न खोज्दा समस्या देखिने गरेका छन्। तर संघ नेपालमा दर्ता भई सकेकोले निश्चित अनुशासनको घेरामा चल्नु पर्छ भन्ने चेतना पछिल्लो समयमा पनि आएको छ। राष्ट्रले गरेको अपेक्षा र हाम्रो जिम्मेवारी महसुस गरी राष्ट्रिय परिषद्हरु अघि बढ्नु पर्छ। आफ्ना देश विशेषाका समस्या र संभावनामा पनि काम गर्नु पर्छ। पश्चिमी देशमा दोश्रो पुस्ताका गैरआवासीय नेपालीहरुको पहिचान र सामाजिक एकीकरण, स्थानीय राजनीतिमा सहभागिता, एसियाली मुलुकमा भाषा र छोराछोरीको स्कुलको समस्या, मध्यपूर्व तथा मलेसिया आदि मुलुकमा वैदेशिक रोजगार र यसले पैदा गरेको सामाजिक विकृति जस्ता थुप्रै समस्याका विषयमा सबै तिरबाट सोच्नु पर्ने भएको छ।